# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
## मितिः २० अप्रेल २०२४
## समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

1- भारतीय जनता पार्टी को वरिष्ठ नेता अनि प्रधानमंत्री नरेन्द्र मोदीले महाराष्ट्रको नांदेडपछि परभणी मा एउटा रैलीलाई संबोधित गर्नुहुँदै विगत दशकमा श्सबका साथए सबका विकासश् को साथ समावेशी विकासको लागि एनडीए सरकारको प्रतिबद्धता माथि जोड़ दिनुभएको छ।

2- भारतको मुख्य न्यायाधीश डॉण डी वाई चंद्रचूड़ले, नयाँ आपराधिक कानूनहरु लागू हुनले देश मा परिवर्तन आइरहेको तथा देश अघि बढ़िरहेको स्पष्ट रुपले दर्शाउँदछ भनी बताउनुभएको छ।

3- लोकसभा चुनावको तेस्रो चरणको लागि नामांकन पत्रहरुको जांच आज गरिनेछ। यस चरणको लागि नामांकन भर्ने कार्य हिज समाप्त भयो।

4- मौसम विभागले ओडिशाए गांगेय पश्चिम बंगालमा आगामी सोमवारसमम छुटपुट स्थानहरुमा तिव्र लू चल्ने अनुमान व्यक्त गरेको छ।

5- भारतीय महिला कुश्तीमा भाग लिने विनेश फोगाट, अंशु मलिकए रीतिका अनि मानसीले आज क्रिगिस्तानको बिशकेकमा एशियाई ओंलिपिक क्वालिफायरको सेमीफाईनलमा प्रवेश गरेका छन्।

**अमित शाह- दार्जीलिंग**

भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि केंद्रीय गृहमंत्री अमित शाह भोलि चुनाउ प्रचारको निम्ति दार्जीलिंग आउनुहुनेछ। उहाँले दार्जिलिंगको लेबोंग पब्लिक ग्राउण्ड मा भाजपा को जनसभालाई संबोधन गर्नुहुनेछ। उल्लेखनीय छ राजू बिष्ट ले २०१६ मा भाजपाको टिकटमा दार्जिलिंग लोकसभा सीट जित्नुभएको थियो। यस पटक पनि भाजपाले श्री बिष्टलाईनै दार्जीलिंग लोकसभा सिट बाट उम्मीदवार बनाएको छ। यसै बीच आध्यात्मिक गुरू अनि उत्तराखण्डको चौबट्टाखाल लोकसभा सिटबाट भाजपा उम्मेद्वार सतपाल जी महाराज आज दार्जीलिंग आइपुग्नु भएको खबर पनि प्राप्त भएको छ।

****** ० ******

**राष्ट्रपति-उपराष्ट्रपति-नाव**

राष्ट्रपति द्रौपदी मुर्मु अनि उपराष्ट्रपति जगदीप धनखड़ले ओडिशाको झारसुगुड़ा जिल्लामा महानदी मा एउटा नाव दुर्घटनामा मानिसहरुले ज्यान गुमाएको मा दुख व्यक्त गर्नुभएका छन्। एउटा सोशल मीडिया पोस्टमा राष्ट्रपतिले, दुर्घटनामा धैरै मानिसहरुले ज्यान गुमाएका ले आफु व्यथित बनेको बताउनुभएको छ। उपराष्ट्रपति ले पनि शोक संतप्त परिवारहरु प्रति आफ्नो संवेदना व्यक्त गर्नुहुँदै घाइतेहरु शीघ्र स्वस्थ हुने कामना गर्नुभएको छ। दुर्घटना मा ७ जना व्यक्तिहरु ले ज्यान गुमाएका छन्।

****** ० ******

**गोपाल लामा भिजिट**

दार्जीलिङ लोकसभा क्षेत्रबाट तृणमूल कंग्रेसका उम्मेद्वार गोपाल लामा आज चुनाव प्रचारका लागि सिलगड़ी बार एसोएिशन पुगे। उल्लेखनीय छ कि लोकसभा वुनाव २०२४ को दोस्रा चरणको मतदान २६ अप्रेलमा रहेको छ। दोस्रो चरणको मतदानमा निम्ति दार्जीलिङ लोकसभा केन्द्रा भोट खसालिन अ मात्र केही दिन बाँकी छ। जसको कारण तृणमूल कांग्रेस उम्मेद्वार गोपाल लामा पहाड़देखि समतलको क्षेत्रहरूमा बिहानदेखि बेलुकीसम्मै लागिपरेका छन्। यसै क्रममा उहाँ सिलगड़ीको मेयर गौतम देव, डिप्टी मेयर रंजन सरकार अनि दार्जीलिङ जिल्ला तृणमूल कंग्रेस महिला

अध्यक्ष सुष्मिता बोस मित्रका साथ सिलगड़ी बार एसोएिशन पुगे। यसै अवधि वकीलहरूसंग चिया चमेनको मेलो गर्दै उहाँले आफ्ना समर्थकहरूसित भोटको अपील पनि गरे।

****** ० ******

**संदेशखाली**

आज बिहान अचानक सीबीआई दलका दुई वर्ग संदेशखाली पुगे र छानवीन लाई अगाड़ि बढ़ाउँदै यस क्षेत्रबाट प्रशस्त लिखित अभियोग सीबीआई लाई सुम्पिएको सीबीआई सूत्रले बताएको छ। सीबीआई सूत्र अनुसार – केन्द्रिय गुप्तचर विभाग ती सबै अभियोगहरू सोझै अभियोग कर्ताहरूबाट सुन्न चाहेको र यसै अनुसार केन्द्रिय एजेन्सी दल पुगेको बताएको छ। दस दिन अघि कलकत्ता हाई कोर्टले एक विशेष आदेशमा भनेको थियो कि संदेशखालीका मानिसहरूले आफ्नो अभियोग सोझै सीबीआई लाई सुपुर्द गर्न सक्नेछन्। अदालतले सीबीआई लाई यस सम्बन्धमा एउटा मेल आई डी बनाउने निर्देश पनि दिईएको थियो। तबदेखि संदशखालीबाट लिखित अभियोगहरू सीबीआई को मेल बक्समा प्राप्त भईरहेछ। इमेलमा धेरै जसको आरोपहरूमा जमीन हड़पने , महिला उत्पीड़नका मामिलाहरू छन्। यी सबै अभियोगहरूमा शेख शहजहाँ र अन्य तृणमूल नंताहरूको उल्लेख गरिएको छ। सूत्रहरू अनुसार स्थानीय पुलिस दललाई साथमा लिएर सीबीआई अधिकारीहरू जाँचमा जुटेका छन्।

****** ० ******

**प्रधानमंत्री रैली.नांदेड़**

भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि प्रधानमंत्री नरेन्द्र मोदीले आज महाराष्ट्रको नांदेडमा एउटा रैलीलाई संबोधित गर्नु हुँदै प्रथम चरणको मतदानमाथि संतोष व्यक्त गर्नु भएको छ अनि मानिसहरु सित अन्य चरणहरुका चुनावहरुमा पनि भारी संख्यामा मतदान गर्ने अपील गर्नु भएको छ। श्री मोदीले सत्ताधारी पार्टी अनि विपक्ष दुवैको महत्वमाथि जोड़ दिनु हुँदै आफू स्वयंले लोकतंत्रको लागि निरंतर कार्य गरिरहने बताउनुभयो। उहाँले एनडीए सरकारको उपलब्धिहरुमाथि पनि प्रकाश पार्नु हुँदै उहाँको सरकारले लाखौ महिलाहरुलाई शौचालय उपलब्ध गराएकोए गरीबहरुका लागि बैंक खाताहरु खोलिदिएको अनि डिजिटल इंडिया तथा यूपीआई को शुरुआत गरेको बताउनुभयो। कांग्रेसको आलोचना गर्नुहुँदै श्री मोदीले भन्नुभयो कि विपक्षले यूपीआई अनि नागरिकता संशोधन कानूनको विरोध गरेको छ। श्री मोदीले किसान सम्मान निधि जस्ता योजनाहरुको माध्यमबाट किसानहरुले पाउने लाभ अनि विभाजनद्वारा प्रभावित मानिसहरुलाई न्याय दिनमा नागरिकता संशोधन कानूनको सराहना गर्नुभयो। उहाँले भरत विश्वको तेस्रो सबै भन्दा ठूलो अर्थव्यवस्था बन्निने आफ्नो वचनबद्धतालाई फेरि दोहोराउनुभयो।

****** ० ******

**नाम्ची जिल्लामा ८१.८६ प्रतिशत मतदान**

नाम्ची जिल्लाको सबै सात निर्वाचन क्षेत्रमा शुक्रवार सफलतापूर्वक चुनाउ सम्पन्न भयो। यस जिल्लामा लगभग ८१८६ प्रतिशत मतदान भएको छ। सर्वाधिक मतदान पोकलोक कामराङ निर्वाचन क्षेत्रमा रेकर्ड गरिएको छ। यस निर्वाचन क्षेत्रबाट एसडीएफ अध्यक्ष पवन चामलिङ चुनाउमा उठेका छन्।प्राप्त जानकारी अनुसारए २०१६ को आम चुनाउको तुलनामा यसपाली यहाँ १६२ प्रतिशत अधिक मतदान भएको छ। यस जिल्लामा सर्वाधिक मतदान पोकलोक कामराङ निर्वाचन क्षेत्रमा भएको छए जहाँ मत प्रतिशत ८३.३४ रेकर्ड गरिएको छ।

****** ० ******

मुख्यमन्त्री प्रेमसिंह तामाङ

मुख्यमन्त्री प्रेमसिंह तामाङले ११औं विधानसभा साथै १८औं लोकसभा चुनाउमा सबैको सक्रिय सहभागिता अनि नि:स्वार्थ योगदानको निम्ति सबैप्रति आभार व्यक्त गर्नु भएको छ । उहाले आज बिहान आफ्नो आधिकारिक फेसबुक पेजमार्फत राज्यवासीहरूका लागि एक सन्देश जारी गर्नु भएको छ मुख्यमन्त्री तामाङले भन्नु भएको छ ए श्भारतको निर्वाचन आयोगए सिक्किमको निर्वाचन आयोगए भारतीय सेनाका अधिकारीगण अनि जवानहरुए राज्य प्रशासनए जिल्ला प्रशासन अनि सिक्किमको इतिहासमा सबैभन्दा शान्तिपूर्ण निर्वाचन सुनिश्चित गर्नमा संलग्न सबैलाई विशेष धन्यवाद दिन चाहन्छु। लोकतान्त्रिक प्रक्रियाप्रतिको तपाईंहरुको उत्साहए प्रतिबद्धता र समर्पण साँच्चै नै प्रेरणादायी रहेको छए जसको स्वर्णिम अनुभुति हामीले गरेका छौं।श उहाले पहिलो पटक उत्साहए उमंग अनि जिज्ञासाका साथ मतदानमा सहभागी बन्ने नयाँ मतदाताहरूप्रति पनि आभार प्रकट गर्नु भएको छ । उहाले अझ भन्नु भयो ए श्मतदान हाम्रो लोकतन्त्रको लागि निर्णायक तत्व हो साथै प्रगतिए उन्नतिए समृद्धिए विकास अनि समावेशीतातर्फ हाम्रो सामूहिक प्रयासको प्रतीक हो। मुख्यमन्त्री तामाङले सिक्किम क्रान्तिकारी मोर्चा पार्टी अनि आफ्नो व्यक्तिगत तर्फबाट सदस्यहरूको अटल समर्पणए समर्थनए अथक परिश्रम अनि अनमोल सहभागिताप्रति पनि हार्दिक कृतज्ञता अर्पण गर्नु भएको छ । उहा ले राज्यवासीहरूलाई सिक्किमको उज्ज्वलए सुनौलो अनि समृद्ध भविष्यको निर्माणमा हातेमालो गरेर काम गरिरहन विनम्र आग्रह पनि गर्नु भएको छ ।

****** ० ******

**उप-चुनाव**

बेलुका ५

****** ० ******

**लोकसभा चुनाव कम बेसी**

लोकसभा

****** ० ******

**मुख्यमन्त्री ममता बनर्जी**

पश्चिम बंगालकी

****** ० ******

**राज्यपाल**

पश्चिम बंगालको तीन

****** ० ******

**बंगाल चुनाव सिकायत दर्ता**

आज मतदान भइरहेका